सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १९६ | वि.सं. २०७९ फागुन ०४ विहीबार | 16 , 2023 Thursday, FEB | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# नारायणी यातायातका अधिकृत कुशवाहाको ब्रहमलुट ,कर्मचारी कै ईशारामा बिचौलिय हाबी

कृष्णा प्र. कुशवाहा

वीरगन्ज। नारायणी यातायात व्यवस्था कार्यालय पर्सा वीरगन्जमा कर्मचारीद्वारा खटाइएका बिचौलिया हाबी हुँदै गए पछि आममानिसहरू निराश भएका छन् । नारायणी यातायात व्यवस्था कार्यालय पर्सा वीरगञ्जका मोटरसाइकल नामसारी शाखा प्रमुख सर्विन्द कुशवाहा निकट रहेका बिचौलियाहरुले सजिलै आम सेवाग्राहिहरुको काम काज गर्न अवरोध गरी आफू मार्फत पैसाको भरमा काम गराउन बाध्य गरी पैसा मार्फत आफैं गराईरहेका छन्। नारायणी यातायात व्यवस्था कार्यालय पर्सामा हिजो भएको



घटनाले पनि प्रमाणित गर्दैछ कि कतिको भ्रस्टचार हुन्छ। त्यो कार्यलयमा यो कुनै नौलो कुरा होइन आज भन्दा केही दिन अगाडि पनि नारायणी यातायात व्यवस्था कार्यालय बिरगंजबाट अर्काको पिकअप अर्काले पैसाको भरमा बेचेको कुरा जिल्ला प्रहरी कार्यालय पर्सा सम्म पुगेको थियो। एक जनाले आफनो निजी कामको लागि साथीको पिकअप मागि आफनो घरमा ल्याई घरबाट यातायात कार्यालय बिरगंजमा लगि यातायात कार्यालय प्रमूख र निजको ईसारामा परिचालित उनका सहयोगी शाखाका मिलोमतोमा अर्काको पिकअप अर्कले बेचेको थियो। यस्ता यस्ता दिनहु लाखौको भ्रष्टाचार हुने गरेको यो प्रमाणले पुष्टी गरेको छ । नारायणी यातायात व्यवस्था कार्यालय बिरगंज नामसारी

बाँकी अन्तिम पृष्ठमा

# वीरगंजमा मिस नेपाल २०२३ को प्रतियोगीताको अडिसन हुने




३ फागुन, वीरगञ्ज । मिस नेपाल २०२३ को प्रतियोगीताको अडिसन वीरगंजमा यहि बिहिबार र शुक्रबार हुने भएको छ।

वीरगंज स्थित होटेल भिस्वामा द हिडन ट्रियजर मिस नेपाल २०२३ को बिहिबार वोरिन्टेसन र शुक्रबार अडिसन हुने भएको हो। मिस नेपाल प्रतियोगीताको अडिसन ७ वटै प्रदेशमा हुने बताईएको छ।

द हिडन ट्रियजरले मिस नेपाल ०२३ को आवेदन यहि चैत्र १ (मार्च १५) सम्म खुला रहने जनाएको छ । आवेदनका लागि १८ देखि २७ वर्षका अविवाहित महिला हुनुपर्ने, महिलाको न्यूनतम ५ फिट ३ इन्च उचाइ, नेपाली नागरिकता सहित नेपाली पासपोर्ट भएका युवतीले आवेदन दिन सक्ने द हिडेन ट्रियजरका अध्यक्ष दिवाकर राजकर्णिकरले बताए ।

आवेदन फारम निशुल्क रहेको उनको भनाई छ। प्रतियोगिताबाट तीन मुख्य विजेताहरू मिस नेपाल वर्ल्ड, मिस

बाँकी अन्तिम पृष्ठमा

# पानीटंकी क्षेत्रका प्याथलोजी सेन्टरहरुमा महानगरको अनुगमन, अधिकांस स्वीकृति बेगर नै संचालनमा, बन्द गर्न निर्देशन



वीरगञ्ज

वीरगञ्जको पानीटंकी क्षेत्रमा रहेका अधिकांस प्याथलोजी सेन्टरहरु स्वीकृति बिना नै संचालनमा रहेको भेटिएको छ।

महानगरपालिकाद्वारा गठित स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण समितिले गरेको अनुगमनका क्रममा वडा नम्वर ८ पानी टंकी क्षेत्रमा रहेका प्याथोलोजी सेन्टरहरु स्वीकृति बिना नै संचालनमा रहेको भेटेको हो।

पानीटंकीमा रहेको सिटी डाइग्नोष्टिक सेन्टर स्वीकृति बिना संचालन हुनुका साथै म्याद गुज्रेका केमिकल तथा औषधी प्रयोग गर्ने गरेको भेटिएको अनुगमन समितिका संयोजक समेत रहेका वडा नम्वर १८ का वडाध्यक्ष उमाशंकर तिवारीले जानकारी दिनुभयो

बाँकी तेश्रो पृष्ठमा

# जनकपुर यातायात कार्यालयबाट दुई दलाल प्रहरीको फन्दामा



जनकपुरधाम, फागुन ३ गते। यातायात व्यवस्था कार्यालय जनकपुरबाट दलाल आरोपमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा महोत्तरीको लोहरपट्टी

बाँकी अन्तिम पृष्ठमा

# सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्न फोहोर फाल्ने उद्योगलाई जरिबाना गरिने

वीरगञ्ज

सिर्सिया नदी प्रदुषण नियन्त्रण समितिले नदि प्रदुषण गर्ने वीरगञ्ज पथलैया औद्योगिक करिडोरका उद्योगलाई कारवाही गर्ने निर्णय गरेको छ।

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको समितिको बैठकले पानी प्रशोधन नगरी उद्योगबाट निस्केको फोहोर पानी सोझै नदीमा फाल्दै आएका उद्योगलाई कारबाही गर्ने निर्णय गरेको हो।

समितिले यसअघि पटक पटक अनुगमन गरेको र अनुगमनका क्रममा एक/दुई बाहेक अधिकांश उद्योगले अटेरी गर्दै नदीमा नै उद्योगबाट निस्केको फोहोर तथा फोहोर पानी फाल्दै आएकाले अब कारबाही नै गर्ने निर्णय गरेको हो।

बैठकले करिडोरमा रहेका उद्योगहरुको संघलाई पत्राचार गरेर कारबाहीको ध्यानाकर्षण गराउने र जरिबानाको प्रकृया अघि बढाउने निर्णय गरेको हो।अनुगमन समितिको प्रतिबेदनका



आधारमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्न बनेको ऐन अनुसार जरिबाना गर्ने निर्णय भएको महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिनुभयो।

यस्तै बैठकले जरिबाना गर्दा पनि फोहोरजन्य पानी नदीमा मिसाउन नछाडे त्यस्ता उद्योगलाई कालो सूचीमा राख्न प्रदेश र संघ सरकारलाई सिफारिस गरि पठाउने निर्णय पनि गरेको छ।

बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले प्रक्रिया मिचेर विधि एवं कानुन विपरित सञ्चालित उद्योगलाई कारबाही नगर्दासम्म नदी प्रदुषण मुक्त नबन्ने बताउनुभयो। उहाँले उद्योगीहरु जिम्मेवार भएर पर्यावरण जोगाउन लाग्नु पर्नेमा नदी फोहोर बनाउन उद्धत देखिएकाले त्यसलाई नियन्त्रण गर्न अब जरिबाना गर्नुपर्ने अवस्था आएको बताउनुभयो।

बाराको जितपुर सिमरा उपमहानगरपालिका, परवानीपुर गाउँपालिका र पर्साको वीरगञ्ज महानगरपालिका क्षेत्र भएर बहने नदीलाई यी तीनै स्थानीय तहसँगै जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रशासन कार्यालय पर्साको सयुँक्त सहकार्यमा प्रभावकारी रुपमा काम गर्नुपर्ने बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताउनुभयो।

वीरगञ्ज महानगरपालिकाका उपप्रमुख तथा समितिका संयोजक इम्तियाज आलमले अनुगमनलाई उद्योगहरुले वेवास्ता गरेको बताउनुभयो । आफ्नै नेतृत्वमा पटकपटक अनुगमन गर्दा पनि अटेरी गरेको हुँदा अब जरिवाना गरेर कारबाही गर्नुपर्ने उपप्रमुख आलमको भनाइ छ । बाराको जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारी पनि सिर्सिया नदिलाई प्रदुषण मुक्त बनाउन जितपुर सिमरा उपमहानगरले सक्दो प्रयास गरिरहेको बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख

बाँकी अन्तिम पृष्ठमा



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

**ज्योती मिश्रा** (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# विश्वमै खुसी जहाँका जनता

**जगन्नाथ काफ्ले**

परम्परागत नर्डिक मान्यता छ- राज्यले कुनै पनि व्यक्तिलाई भेदभाव (वैरभाव) गर्नु हुँदैन, राज्य हरेक नागरिकको अभिभावक हो र सदैव राज्यले आमनागरिकको हित (पक्ष)मा काम गर्नुपर्छ।

उत्तरी युरोपका डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विडेन र आइसल्यान्ड समृद्धि तथा दिगो विकासको मामलामा विश्वका नमुना (रोल मोडेल) हुन्। समग्रमा नर्डिक मुलुकहरू विज्ञान तथा प्रविधिको प्रयोग गर्न, कानुनको पालना गर्न र सामाजिक सुरक्षा पद्धति स्थापना गर्न अब्बल मानिन्छन्। आम सर्वसाधारणलाई सर्वसुलभ सामाजिक तथा सामाजिक सुरक्षा प्रदान गर्न विश्वका अन्य देशहरूको तुलनामा उदाहरणीय छन्। नर्डिक राष्ट्रहरूले विश्व समुदायमा प्राप्त गरेको यो हैसियतको पछाडि एउटा परम्परागत मान्यताले ठूलो भूमिका खेलेको छ। परम्परागत नर्डिक मान्यता के हो भने: राज्यले स्वाभाविक रूपमा कुनै पनि व्यक्तिलाई भेदभाव (वैरभाव) गर्नु हुँदैन, राज्य हरेक नागरिकको अभिभावक हो र सदैव राज्यले आमनागरिकको हित (पक्ष)मा काम गर्नुपर्छ।' यसै मान्यतालाई आधार मानेर यी मुलुकहरूले संसारका अन्य मुलुकहरूभन्दा पहिले नै समाजमा कुलीन घरानियाँहरूको प्रभुत्व निस्तेज गर्न; स्वतन्त्र, स्वाभिमानी र स्वावलम्बी किसानहरूको उदय गर्न; लैंगिक एवं वर्गीय विभेद निर्मूल गर्न; श्रमको सम्मान गर्न; कानुनको पालना गर्न गराउन र उत्कृष्ट पद्धति स्थापनामा क्रान्तिकारी परिवर्तन गर्न र आज संसारकै नमुना बन्न सफल भए।

फिनल्यान्डको इतिहास अन्य नर्डिक देशहरू विशेषगरी स्विडेन, डेनमार्क र नर्वेको इतिहासभन्दा पृथक् र जटिल छ। तेह्रौं शताब्दीसम्मको इतिहास पूरै छायाँमा छ। त्यसपछि सन् १८०८ सम्म स्विडेनले शासन गरेको थियो भने १८०८ मा ठूलो युद्ध गरी सन् १९१७ सम्म रसियाको कब्जामा रहेको थियो। फिनल्यान्डका आम जनताले लामो समयसम्म स्विडिस र रसियन शासकहरूबाट लादिएका कानुन, उच्च कर र सैन्य कर्मचारीको दुर्व्यवहारको सिकार हुनु परेको थियो। हतास स्थानीयका विरोधका स्वर तथा किसानहरूका भद्र विद्रोहसमेत क्रूरता र रक्तपातपूर्ण दमन गरिएको हुन्थ्यो। पटकपटक रक्तपातपूर्ण छापामार युद्धको सिकार हुनु र शासकहरूको दासता व्यहोर्नु फिन्निस समाजको नियति बनेको थियो। फिनल्यान्ड सन् १९१७ डिसेम्बर ६ मा रसियाबाट स्वतन्त्रता प्राप्त गरेलगत्तै ज्यादै भयानक गृहयुद्धमा फस्यो। उक्त गृहयुद्धमा साढे तीन महिनामा ३७ हजार फिन्निसहरूले ज्यान गुमाए, सबै परिवारहरू प्रभावित भए भने मुलुक पूरै क्षतवक्षत भयो।

स्वतन्त्रताको प्राप्तिलगत्तै सन् १९१८ को दर्दनाक गृहयुद्धपछि ध्वस्त राष्ट्र, शिथिल समाज र जर्जर अर्थतन्त्रलाई तंग्र्याउनु फिनल्यान्डको सरकार सामु पहिलो चुनौती थियो भने अरू छिमेकी नर्डिक मुलुकहरूको रफ्तारमा आफ्ना नागरिकलाई हिँडाउनु अर्को गम्भीर चुनौती थियो।

स्वतन्त्रतापछिका केही वर्षहरूमा फिनल्यान्डले सामाजिक नीति निर्माणमा पाइला चाल्ने झिनो कोसिस गर्न सक्यो। पहिलो चरणमा वर्ग घर्षण र विभेदलाई कम गर्ने लक्ष्य बनायो भने सामाजिक कानुनको केही अंशहरूले समग्र समाजलाई समेट्नुको सट्टा सीमान्तकृ वा खडकएको समूहको आवश्यकतालाई सम्बोधन गर्ने प्रयत्न गरेको थियो। स्वतन्त्र सरकारले भूमि सुधार कानुन 'टेनान्ट फार्मर ल' मा थोरै भए पनि काम गऱ्यो जसले भाडामा प्रयोग गर्ने किसानहरूलाई उनीहरूले प्रयोग गरेको जग्गाको स्वामित्व पाउने सम्भावना प्रदान गर्यो। सन् १९३७ मा एउटा अपूर्ण राष्ट्रिय निवृत्तिभरण योजना लागू गऱ्यो जस्ले खाँचोमा परेका आमाहरूलाई (विशेषगरी गर्भवती र सुत्केरी आमाहरूलाई) सहयोग पुऱ्याउने केही उपायहरूको प्रबन्धहरू गरिएका थिए। फिनल्यान्डले सन् १९४० को दशकसम्म कल्याणकारी कानुनमा नगन्य मात्र काम गर्न सकेको देखिन्छ। न बलिया नागरिक बाँकी थिए (अधिकांश बलिया युवा पुरुषहरू गृहयुद्धमा मारिएका थिए), न स्रोतसाधनले बलियो राज्य थियो, न त नागरिक सम्पन्न थिए, न त वैदेशिक ऋण अनुदान या विप्रेषण नै थियो ता पनि सामाजिक, आर्थिक र प्रविधिक विकासको मूलप्रवाहमा छलांग मार्न फिनल्यान्डलाई कसैले पनि रोक्न सकेन। दोस्रो विश्वयुद्धपछिको पहिलो तीन दशकहरूमा लगभग पूर्ण रूपमा सिर्जना गरिएको सामाजिक सुरक्षा प्रणाली अन्य परम्परागत नर्डिक राज्यहरूबाट प्रेरित भएर विकास गरिएको थियो। नर्डिक समाज कल्याण प्रणालीको विशेषता भन्नु नै सर्वसाधारणलाई उत्कृष्ट एवं सर्वसुलभ सामाजिक सेवा प्रदान गर्नु हो। संयुक्त राज्य अमेरिका वा अधिकांश पश्चिम युरोपीय देशहरूको कल्याणकारी पद्धतिले समेट्ने:

'असमर्थ समुदायलाई मात्र' लक्षित गर्न सीमित हुनुको सट्टा नोर्डिक देशहरूले आफ्नो सम्पूर्ण देशवासीलाई सामाजिक सुरक्षा पद्धतिको दायराभित्र समेटेका छन्। नागरिकहरू निश्चित उमेर पुगेपछि उनीहरूले आधारभूत सामाजिक सुरक्षा योजनामा के कति योगदान गरेका थिए भन्ने कुराको ध्यान नदिई सबैका लागि न्यूनतम एउटै समान (फ्ल्याट) दरमा

***बाँकी तेश्रो पृष्ठमा***

# पितृसत्ताले खोसेको पहिचान

**मीना पौडेल**

मधेश प्रदेशकी सीमा (परिवर्तित नाम) बाह्र वर्षकी हुँदा आफ्नै विद्यालयका गुरुद्वारा सीमापारिको सहरको सर्कसमा बेचिइन्। उनी केही वर्षपछि नेपाल त फर्किइन् तर घरमा पस्न स्वीकृति पाइनन् किनकि उनका बाबुले आफ्नो अनुमतिबेगर घरबाट हिँडेको र परिवारको इज्जत फालेको भन्दै आफ्नो व्यवस्था आफैं गरी बाहिरै बस्नू भने । नेपाल फर्कंदा उनी बालिग भइसकेकी भए पनि नेपाली नागरिकताको वर्तमान प्रावधान अनुसार नागरिक भइसकेकी थिइनन्। अनि नागरिक हुने सम्भावना पनि पातलिँदै थियो किनकि घर फर्कन नदिने मनसायका साथ बाबुले जारी गरेको 'घरमुली उर्दी' सँग उनी न लड्न सक्थिन् न त जबर्जस्ती घरमा प्रवेश गर्न नै । आमा, दिदीहरू र भाइ त उनलाई घरमै बसेको देख्नै चाहन्थे तर यो कुरा उनीहरूको निर्णयबाहिरको हुन्थ्यो किनकि परिवारका सबैजसो निर्णय बाबुले गर्थे । र त्यो बाबुको 'पारिवारिक इजलास' लाई चुनौती दिनु भनेको छोराछोरी र श्रीमतीको औकातभन्दा परको विषय थियो ।

यस्तो परिपाटी अद्यापि हाम्रो समाजमा छँदै छ । सब चुपचाप बस्नुको विकल्प थिएन । निर्णयकर्ता त बाबु, श्रीमान् लगायतको भूमिकामा रहेका पुरुषहरू नै हुन्, केही अपवादबाहेक, यो नेपाली समाजको नबदलिएको चरित्र हो । अझ कतिपय सांस्कृतिक समूह र वर्गका लागि त महिला भनेको परिवारका लागि घरेलु श्रमिक हो भने अधिकांशका लागि सौन्दर्य हो, इज्जत हो, शोभा हो, गृहलक्ष्मी हो; तर कसैका लागि पनि सार्वभौम नागरिक होइन । अनि जापानकी प्रसिद्ध लेखिका मातासु योयोरीले भनेझैं महिला पुँजीवादी बजारका लागि एउटा वस्तु हो जसलाई यौन र गैरयौन श्रमका साथै उत्पादन प्रबर्धनका लागि मनलाग्दी प्रयोग गर्न सकिन्छ ! यही होइन त हाम्रो समाजले समग्र रूपमा निर्माण गरेको महिलाको पहिचान ?

बाबुको आदेश सुनेपछि सीमा घरको दलिनमा राखेको आफ्नो झोला लिएर निस्किन् । तर जाने कहाँ, उनीसँग उत्तर थिएन । त्यति मात्र होइन, एउटी युवती आफ्नो 'घर' भनिएको चौघेराबाट साँझपख एकाएक निकालिएकी थिइन् र लैंगिक दृष्टिकोणबाट जहिल्यै विषालु नंग्रा ठड्याएर बसिरहेको समाजको दोबाटामा पुगेकी थिइन्, भय, डर, निराशा, आक्रोश र त्रासले भरिएको मनोविज्ञानसहित । उनीसँग हिँड्ने बेला आमाले रुमालमा पोको पारेर थमाएका गहुँका दुइटा सुक्खा रोटी थिए र भाइले आफ्ना खुट्टाबाट निकालेर दिएका प्वाल परेका एक जोर चप्पल ! उनकै शब्दमा, 'जन्मघरको चिनो' थिए भाइले दिएका खिइएका चप्पल । अलिक पर दिदीको घर थियो, उनले त्यहीं रात बिताइन् । र, भोलिपल्ट लागिन् जनकपुरतिर, बाँच्ने उपायको खोजीमा !

कैयौं हन्डर र हिंसाका पर्खालसँग जुध्दै सीमा अनेक प्रकारका श्रम गरेर जीविका चलाउँदै थिइन्, होटलमा काम गर्ने स्थानीय एक युवाले बिहे गर्छु भनी महिनौं यौन शोषण गऱ्यो । अलिक पछि 'सिलिगुडीतिर राम्रो काम पाइन्छ, उतै बिहे गरी बसौंला' भनी जान कर गरेपछि उनी मन नलागे पनि सहमत भइछन् । किनकि उनीसँग जीवनमा केही रोज्ने होइन, बाँच्ने झिनो त्यान्द्रोको मात्र आवश्यकता थियो त्यति बेला । अनि यौनिकताको तातो फलामले डामिएको उनको पहिचानको सन्दर्भमा समाजमा बुझिएको, भनिएको र व्यवहारमा उतारिएको सामाजिक सम्बन्धका नातागोता, आफ्ना-पराईको कुनै अर्थ थिएन । आशंकाबीच अर्को जोखिम उठाइन् र लागिन् त्यो युवाको पछिपछि भारततिर ! तर सिमाना काट्ने बेला उनी भागेर दोस्रो पटक बेचबिखनमा पर्ने सम्भावनाबाट जोगिन सकिछन् । यस्तै उतारचढावका चरण पार गर्दै उनी एक स्थानीय महिलाको सहयोगमा एउटा गैससको आश्रयमा पुगिन् र आफूलाई सुरक्षित महसुस गरिन् ।

दाताको अनुदानमा सञ्चालित गैससका अल्पकालीन कार्यक्रमहरूद्वारा मनोविमर्श लगायतका जीवनोपयोगी सरसल्लाहले उनमा जीवनप्रति अलि आशा जाग्यो । केही सीपमूलक तालिम पनि लिइन् जसले उनमा आफ्नै व्यवसाय गर्ने ऊर्जा थपिदियो । उसै त लैंगिक रूपमा विषाक्त नेपाली समाज, त्यसमाथि झन् उनी जन्मेहुर्केको मधेश प्रदेशको साँघुरो समाज ! तैपनि उनले केही मनकारी हातहरू र आफ्नै दिदीभिनाजुबाट थोरै सहयोग जम्मा पारी आफूले जानेको सीप बमोजिम महिला सैलुन खोल्ने विचार गरी तयारी थालिन् । सैलुन दर्ता लगायतका काममा दिदीभिनाजुले सहयोग गर्ने भए तर प्रक्रियामा गाँठो पऱ्यो नागरिकताको एउटा कागजको खोस्टोले गर्दा ।

अब सीमालाई भावनात्मक रूपमा नाता सम्बन्ध नरहे पनि रगतको नाताले तय हुने आफ्नो कानुनी पहिचानको भीख माग्न उनै उर्दीवाला बाबुको शरणमा जानुको विकल्प रहेन, जसले पितृसत्ताका पर्खालहरूले घेरिएको घररूपी स्थानबाट छोरीलाई निकालेका थिए । तर सीमालाई बाबुको सामना गर्ने आँट अझै आइसकेको थिएन । उनले त्यो पर्खालभित्र पसी आफ्नो पहिचान खोज्नका लागि समन्वय गरिदिन दिदीभिनाजुसँग सहयोग मागिन् । र दिदीभिनाजुहरूले सक्दो प्रयास पनि गरे ! निकै प्रयासका बावजुद उनले बाबुबाट न नागरिकताका लागि सहयोग पाइन् न त आफ्नो जीविकोपार्जनको आधार ठानिएको सैलुन नै खोल्न सकिन् ।

त्यसो त नागरिकता व्यक्तिविशेषको राज्यसँगको औपचारिक सम्बन्धलाई स्थापित गर्ने कानुनी धारा मात्र नभई सामाजिक न्यायप्राप्तिको जग र व्यक्तिको राज्यप्रतिको दायित्व निर्धारण गर्ने आधार पनि हो, तर नेपालको नागरिकता प्राप्तिको प्रावधान सामाजिक न्याय स्थापित गर्ने होइन बरु असमानताका छिद्रहरूलाई झन् गहिऱ्याउने खालको छ भन्नेमा सायदै द्विविधा होला । किनकि जतिसुकै व्याख्या तन्काए पनि, तर्क-वितर्क गरे पनि र जतिसुकै दीपावली मनाए पनि कानुनी भाषामा नेपाली महिलाको देश छैन; उनीहरूलाई नेपाली राज्यले चिन्दैन ! त्यति मात्र होइन, समाजले चिथोर्छ अनि बजारले नंग्याउँछ पनि ।

त्यसैले त हाम्रो घरपरिवार, बजार, समाज, राज्य र तिनका हाँगाबिँगा मर्दाना (मास्कुलाइन) प्रकृतिका छन् र तिनले पुरुषत्व संस्थागत गर्नतिर सम्पूर्ण शक्ति खर्चिन्छन् । अनि त्यो पुरुषत्व पनि नेपाली समाजमा विशिष्ट प्रकृतिको पाइन्छ जसले सबै सांस्कृतिक समुदायका पुरुषभन्दा पनि निश्चित जाति, वर्ग, समुदाय र पारिवारिक पृष्ठभूमिबाट आएकाहरूको सोच र विचारलाई राज्यका स्थानीयदेखि शीर्ष तहसम्मका सबैजसो निकायमा संस्थागत गर्न वातावरण बनाउनेतिर जोड दिन्छ । यसलाई पुष्टि गर्नका लागि नागरिकताको प्रावधान एउटा उत्कृष्ट उदाहरण हो । संघीय लोकतन्त्रको खोलमा परिवर्तनको नेतृव गरेका हाम्रा पुराना-नयाँ सबै खाले राजनीतिक पार्टीहरूले व्यवहारमा प्रयोग गरेको लैंगिक समावेशीको खाका यसैको अर्को उदाहरण हो ।

यस्ता थुप्रै उदाहरण हामी सम्झन सक्छौं । तर सीमाहरू बेचिएकै आधारमा सामाजिक रूपले घरपरिवारबाटै निकालिनुपर्ने, आर्थिक रूपले कहिले गैससको शरण त कहिले यौन बजारमा लिलामी हुनुपर्ने अवस्थाले हाम्रा राजनीतिक नाराहरू; सामाजिक न्यायका अन्तर्रास्ट्रीय, क्षेत्रीय र राष्ट्रिय प्रतिबद्धताहरू; नवउदारवादका धरातलमा तय गरिएका आधारभूत मानव अधिकारका मापदण्ड र तिनलाई संस्थागत गर्न भनेर लिपिबद्ध गरिएका समानताका हरफहरू सबै एकै पटक बेकामे हुन्छन् ।

इज्जतको खोलले ढाकिएको लैंगिक यौनिकता र त्यो यौनिकताको धारमा रेटिएको महिला पहिचान नंग्याउन पुरुषमैत्री राज्यले जेजति हर्कत गर्छ, त्यो बेलाबेला सतहमा आइरहने तर राज्यले ढाकछोप गर्ने किशोरी बलात्कारका घटनाहरूले पनि कैयौं पटक प्रस्ट पारिसकेका छन् ! राज्यलाई र उसको उत्तरदायित्वबिनाको नाफाखोर पुँजीवादी बजारलाई पल शाह र सन्दीप लामिछानेहरू चाहिन्छन् न कि तिनले प्रताडित गरेका किशोरीहरू । हो, त्यसै भयो सीमाको जीवनमा पनि ।

***बाँकी अन्तिम पृष्ठमा***

# नयाँ पुस्ताले हिँड्नुपर्ने अबको बाटो

**मिलन पाण्डे**

खालिद पाएन्दा अफगानिस्तानका पूर्वअर्थमन्त्री हुन् । उनले अघिल्लो चोटि ६ अर्ब डलरको बजेट बनाएका थिए । अहिले उनी अमेरिकामा ट्याक्सी चलाउँछन् । केही महिनाअघि वासिङ्टन पोस्टका पत्रकारले उनलाई सोधे, 'अबको योजना के छ ?' पाएन्दाको उत्तर थियो, 'अबको दुई दिन मैले ५० ट्रिप गरें भने ९५ डलर बोनस पाउँछु, त्यही गर्ने योजना छ ।'

पत्रकारले उनलाई अर्को महत्त्वपूर्ण प्रश्न सोध्छन्, 'खासमा अफगानिस्तानमा के कारणले यो सबै भयो ? दोष कसको हो ?' पाएन्दाले गम्भीर भएर जवाफ दिन्छन्, 'हामीले सबै कुरा दिन सक्यौं तर आफ्नो भविष्यका लागि आशा जगाउन सकेनौं । हामी नेतृत्वले नै बिगाऱ्यौं । हामीले सामूहिक रूपमा परिवर्तन गर्नै चाहेनौं ।' उनी तालिवानले अफगानिस्तान कब्जा गरेको समाचार ट्वीटरमा हेर्दै भन्छन्, 'सबै कुरा सकियो । हामीसँग २० वर्ष थियो, सारा संसार हामीलाई नागरिकका लागि काम गर्ने संस्था र प्रणाली बनाउन सहयोग गर्दै थिए । हामी नराम्ररी चुक्यौं । हामीले तासको घर बनाएका रहेछौं, जुन यति छिटो ढल्यो । हामीले बनाएको घर नै भ्रष्टाचारको जगमा खडा भएको थियो । आफ्नै आँखाअगाडि देश बरबाद हुँदै थियो तर हामीमध्ये केही सरकारकै मन्त्री नै हामीसँग अन्तिम मौका हुँदासमेत लुट्नै व्यस्त रह्यौं । हामीले हाम्रा नागरिकलाई धोका दियौं ।'

केही महिनाअघि, यो अन्तर्वार्ता पढ्दै गर्दा ती पूर्वमन्त्रीले भनेको एउटा वाक्यले दिमागमा बारम्बार घोचिरह्यो, 'देश बरबाद हुँदै थियो, तर हामी नै देश लुट्दै थियौं ।'

**विधिको शासन**

आजको सबैभन्दा ठूलो राजनीतिक आवश्यकता के हो ? सबैका मुखबाट झर्ने उत्तर हो– स्थिरता । त्यो स्थिरता कसरी प्राप्त गर्न सकिन्छ ? यसको उत्तर हो– विधिको शासनमार्फत । हामीले खोजेको स्थिरता भनेको विधिको शासन हो । विधिको शासन संविधानको, व्यवस्थाको स्थिरतासँग जोडिएको छ । २०७२ सालमा संविधान बनेपछि नेतृत्वको असफलताले गर्दा नागरिकमा केही निराशा भने पक्कै छाएको छ । केही व्यक्ति त्यही निराशामा खेल्दै यो संविधानका आधारभूत स्तम्भ गणतन्त्र, धार्मिक स्वतन्त्रता, संघीयता, समावेशितामाथि प्रश्न उठाइरहेका छन् ।

संविधान 'कम्प्रोमाइज' को दस्तावेज हो । गणतन्त्र, संघीयता, धर्म निरपेक्षताजस्ता विषयलाई गिजोल्नु भनेको संविधानलाई पुनर्लेखन गर्नु हो; नयाँ संविधानका लागि आन्दोलन गर्नु वा यही संविधानलाई बचाउनुपर्छ भनेर फेरि देशलाई द्वन्द्वमा धकेल्नु हो । जानेर वा नजानेर केही व्यक्ति र संगठन यो संविधानलाई खारेज गर्न लागिपरेका छन् । दोस्रो महत्त्वपूर्ण कुरा, राजतन्त्रभन्दा गणतन्त्र उन्नत व्यवस्था हो । एकात्मक राज्यभन्दा संघीयता उन्नत व्यवस्था हो । राज्यलाई धर्मविशेषसँग जोड्नुभन्दा धार्मिक स्वतन्त्रता दिनु नागरिकमुखी नीति हो । समावेशिता लोकतन्त्रमा थप न्यायोचित व्यवस्था हो । यो मानेमा हाम्रो संविधानले अंगीकार गरेको व्यवस्था थप वैज्ञानिक छ ।

उसो भए, संविधानमा प्रश्नै गर्न पाइँदैन त ? यसलाई सुधार गर्नुपर्दैन ? सुधार गर्न मज्जाले पाइन्छ । तर देशलाई द्वन्द्वमा लगेर होइन, यही संविधानमा टेकेर । हामीले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्थाका निम्ति संविधान संशोधन गर्नुपर्छ । यो संविधानले नागरिकताको सवालमा छोराछोरीमा विभेद गरेको छ, त्यो सच्याउन जरुरी छ । न्यायपरिषद्को गठनमा राजनीतिक व्यक्ति बहुमतमा रहने हुँदा स्वतन्त्र न्यायपालिकाका निम्ति त्यो धारा पनि संशोधन गरिन आवश्यक छ । सांसदको संख्या घटाउने, प्रदेशमा मन्त्रीको संख्या घटाउनेदेखि केही थप 'प्रोग्रेसिभ एजेन्डा' का निम्ति संविधान संशोधन हुनुपर्छ । आजको वास्तविकतामा टेकेर अगाडि बढ्न संविधान संशोधन गर्ने हो; पछाडि फर्केर संविधानै खारेज गर्न, द्वन्द्व चर्काउन हामीले भूमिका खेल्न हुँदैन ।

**यही व्यवस्थालाई सुधारौं**

देश अघि बढ्न प्रणाली, पात्र र प्रवृत्ति सबै ठीक हुनुपर्छ । आज प्रणालीलाई हामीले ठीक ठाउँमा ल्याएका छौं तर पात्र र प्रवृत्ति बदल्न बाँकी छ । हार्डवेयर ठीक छ, सफ्टवेयरमा समस्या देखियो । सफ्टवेयरमा भाइरस लाग्यो । अबको लडाइँ त्यसका लागि हो । व्यवस्था बदल्ने खेलमा लाग्यौं भने, फेरि अरू १०-१५ वर्ष खेर जान्छन् । देशको शक्ति सन्तुलन अनुसार त्यसपछि जस्तो व्यवस्था आउँछ, त्यो आजको भन्दा फरक हुँदैन । त्यसैले अबको राजनीतिको मुद्दा विकास-समृद्धि हुनुपर्छ । मुख्य रूपमा हामीले अब गर्नुपर्ने तीनवटा संरचनागत सुधार यी हुन्–

१. दलहरूको लोकतन्त्रीकरण : विगत ३० वर्षको राजनीतिको सन्देश एउटै छ– दलहरू नबनी देश बन्दैन । नेपालमा दलहरू अराजक भए, अपारदर्शी भए; त्यही भएर राजनीति यस्तो भयो । आज दलहरू नै भ्रष्टाचारको अखडा बनेका छन् । दलहरूलाई चन्दा दियो भने भ्रष्टाचारबाट चोखिन सकिन्छ र राजनीतिक संरक्षण हुन्छ भन्ने मान्यता समाजमा स्थापित छ । दलहरू गुट-उपगुट हुँदै अब डनको कब्जामा पुगेका

***बाँकी तेश्रो पृष्ठमा***

ज्योती जागरण दैनिक



# विश्वमै..

निवृत्तिभरण प्रदान गरिएका छन्। यसका अलावा राष्ट्रिय स्वास्थ्य योजनाहरू आर्थिक आवश्यकताको सट्टा स्वास्थ्य आवश्यकताहरूको आधारमा सेवा प्रदान गर्ने व्यवस्था गरिएको हुन्छ। सबैलाई मर्यादित जीवनस्तर सुनिश्चित गर्नका लागि सामूहिक जिम्मेवारीको रूपमा नोर्डिक देशका नागरिकहरूलाई उनीहरूको कल्याणकारी प्रणालीहरूद्वारा प्रदान गरिएको सुविधाहरूको कानुनी अधिकार र त्यसका प्रावधानहरू हेरिने कुराको लागि थप डिजाइन गरिएको थियो। नर्डिक प्रणाली जीवनको विभिन्न पक्षहरू निवृत्तिभरणहरू असामान्य, अशक्त, एकल आमाबाबु, बेरोजगार र उनीहरूका परिवारहरू समेतलाई समेटेर तयार गरिएकोले अन्य मुलुकको सामाजिक सुरक्षा प्रणालीभन्दा पृथक् थियो।अन्य नर्डिक देशहरूको तुलनामा आर्थिक, प्रशासनिक एवं प्राविधिक क्षमतामा कमजोर रहेको फिनिस समाज कल्याण प्रणाली पनि निःसन्देह कमजोर थियो नै। सामाजिक सेवा, बिरामी तथा बेरोजगारी सहायताहरू निक्कै न्यून श्रेणीको थियो। नागरिकले पाउने सेवा तथा भत्ताहरू अन्य नर्डिक मुलुकहरूमा भन्दा निकै कम थियो तै पनि फिनिस सामाज कल्याण प्रणाली विस्तारै विस्तारै नर्डिक अवधारणामा मेल खाने हिसाबले संस्थागत गरिन थालियो। फलतः आकारको हिसाबले सानो भए पनि सन् १९५० मा फिनल्यान्डको कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत हिस्सा सामाजिक सुरक्षा खर्चले ओगटेको थियो जुन प्रतिशतको हिसाबले डेनमार्क, स्विडेन र नर्वेले खर्च गरे बराबरजस्तै बनाउन सफल भयो। दोस्रो विश्वयुद्धको लगत्तै, फिनल्यान्ड सरकार तथा योजनाकारहरूले आफ्नो ध्यान मातृशिशु स्याहारमा केन्द्रित गरेका थिए। सन् १९५७ मा सरकारले सुधारिएको राष्ट्रिय निवृत्तिभरण योजना स्थापना गर्‍यो। सन् १९६० को दशकको सुरुमा समस्त श्रम बजारलाई समेत समेट्न निजी निवृत्तिभरण (पेन्सन) कोषको व्यवस्था गरी निवृत्तिभरण पद्धतिलाई विशिष्ट बनायो। सन् १९५९ र १९६० मा बेरोजगारी सहायता आयोजना लागू गरिएको थियो र यो सहायता आयोजनालाई २०७२ मा सुधार गरेर सम्पूर्ण श्रम बजार र बेरोजगारबीच सम्बन्ध स्थापना गर्नुका साथै बेरोजगारी सहायताभित्र सबै फिनल्यान्डवासीलाई समेटिएको थियो। सन् १९५० र १९६० को दशकको विधानले हरेक अस्पतालहरूको सञ्जाल निर्माण र अन्तरसम्पर्क नेटवर्क स्थापना गर्न सम्भव भयो। नगरपालिका संरचना, जनसंख्या र अस्पतालहरूको सञ्जालबमोजिम थप औषधि एवं स्वास्थ्यकर्मीहरूको शिक्षा प्रबन्ध अर्थात् जनशक्ति उत्पादन संयन्त्रसमेत मिलाइयो। सन् १९६३ देखि १९७० दशकको प्रारम्भसम्ममा सामाजिक सुरक्षा नम्बर प्रणाली स्थापना गरेर अनिवार्य स्वास्थ्य बिमा प्रणालीको पनि स्थापना भयो। सन् १९६० को दशकको अवधिमा कम क्षमतावान्लाई आवास भत्ता प्रणालीको समेत विकास र देशभरिको विस्तारले समस्त जनसंख्याको दायरामा (सर्कलमा) सरकारको दह्रो उपस्थिति पुर्‍याउन फिनल्यान्ड सफल भयो।फिनिस कर्मचारी तथा कामदारहरूले सामाजिक सुरक्षा योगदानमा १० प्रतिशतभन्दा कम तिर्ने गरेका थिए भने बाँकी राज्य र रोजगारदाताहरूबाट लगभग समान रूपमा तिर्ने व्यवस्था मिलाइएको थियो। सन् १९७० को उत्तरार्धसम्म, फिनल्यान्डका रोजगारदाताहरूले अन्य नर्डिक देशहरूका उनीहरूको समकक्षी रोजगारदाताहरूको तुलनामा सामाजिक खर्चको उच्च अंश तिर्नु परेको थियो। सन् १९७३ पछि विश्वको अर्थतन्त्रको मन्दीको कारण सार्वजनिक योगदानको बोझ केही हदसम्म राज्यमा सरेका कारण फिनिस कम्पनीहरूलाई विदेशमा थप प्रतिस्पर्धी बनायो र आर्थिक छलांग मार्न थप सहज भयो।

सन् १९८० को दशकको मध्यतिर आइपुग्दा फिनल्यान्डको सामाजिक सुरक्षा खर्च कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशतमा पुगेको थियो भने अन्य नर्डिक देशहरू स्विडेन, डेनमार्क र नर्वेले क्रमशः ३५, ३० र २२ प्रतिशतको थियो। सन् १९८० को दशकमा फिनिस कल्याणकारी प्रणाली नर्डिक मापदण्ड अनुरूपको बन्न सफल भयो। यस महान् सफलतामा प्रायःजसो सबै फिन्निस नागरिक तथा सम्पूर्ण सरोकारवालाहरूको समर्थ रह्यो भने सबै प्रमुख राजनीतिक दलहरू यसलाई कायम राख्न प्रतिबद्ध भए। एकपटक कायम गरेको मापदण्ड फिनिस समाजमा यसको भूमिका त्यसपछिका दशकहरूमा अझ सुरक्षित र सशक्त देखिएको छ।

फिनल्यान्डमा सामाजिक विकास, सुरक्षा तथा पारिवारिक व्यवस्थामा कमजोरीहरू नभएका पक्कै पनि होइनन्। राज्यको बलियो परिस्थिति भए पनि बुढेसकालमा हुने एक्लोपन, चिसो पारिवारिक सम्बन्ध, मानसिक बिरामी तथा विद्यमान आत्महत्याको दर थप अध्ययन र अनुसन्धानको विषय रहेको कुरा बिर्सनु त हुँदैन।

यद्यपि सन् १९२० को दशकबाट अगाडि बढ्न पाइला चालेको मुलुक सन् १९८० को दशकबाट नै संसारका विकसित मुलुकको रूपमा अर्थात् अब्बल मुलुकमा आफूलाई दर्ज गर्न फिनल्यान्ड सफल हुनु तथा संयुक्त राष्ट्रसंघलगायत विभिन्न अनुसन्धान निकायहरूले विगत चार वर्षदेखि संसारका सबैभन्दा खुसी नागरिक भएको मुलुकमध्ये पहिलो नम्बरमा सूचीकृत (वर्ल्ड ह्याप्पिनेस इन्डेक्स) गरिनु अनि ग्लोबल फ्रेजाइल स्टेट इन्डेक्सले विगत एकदशकभरि नै दिगो विकासमा संसारकै पहिलो नम्बरमा सूचीकृत गरिनु हाम्रोजस्तो विकासशील मुलुकहरूको लागि ठूलो पाठ सिकाउने प्रमाण हो। स्मरण रहोस् फिनल्यान्डको सफलताको पहिलो खुडकलो आफ्ना देशवासीहरूलाई निःशुल्क शिक्षा तथा स्वास्थ्य अनि आधारभूत जीविकोपार्जनको सुनिश्चितता थियो र आज पनि छ। यिनै कारणहरूले पनि जस्तोसुकै विषम परिस्थितिलाई पनि राज्यले सहजै व्यवस्थापन गर्न सक्छ यो पक्षमा नेपालले सिक्नु र व्यवहारमा उतार्नु महत्त्वपूर्ण हुने कुरामा द्विविधा नहोला।

विद्यमान नेपालको झैं व्यापारिक शिक्षा तथा स्वास्थ्य रहुनञ्जेल स्तरीय शिक्षा तथा स्वास्थ्य सेवा आम सर्वसाधारणको हैसियतभन्दा टाढाको विषयवस्तु हुनेछ, फलतः आम सर्वसाधारणबीच राज्य उपस्थिति सम्भव हुने छैन। यदि नागरिकले चाहे भने एउटै पुस्तामा मुलुक रूपान्तरण हुन्छ भन्ने फिनल्यान्ड ज्वलन्त उदाहरण हो। फिनल्यान्डले उन्नत्योन्मुख पहिलो पाइला चालेको अवस्थाभन्दा नेपालको अवस्था राजनैतिक, आर्थिक, सामाजिक तथा प्राविधिक हिसाबले निक्कै मजबुद छ। अहिले त आमनागरिकको इच्छाबमोजिम नयाँ सरकार पनि पाएको नेपाल र नेपालीले राजनैतिक र प्रशासनिक सुधार गर्न सकेको खण्डमा जलवायु, जनसंख्या, भौगोलिक अवस्थिति, साधन तथा स्रोत, विज्ञान तथा प्रविधिको विकास, वैदेशिक स्रोतको उपलब्धता, सक्षम नागरिक भएको नेपाललाई सफलता पाउन फिनल्यान्डलाई भन्दा निक्कै कम समयमा अधिक उपलब्धि हासिल गर्न सकिने सम्भावना लगभग निश्चित छ भन्न सकिन्छ। काम गर्न चाहेको खण्डमा उत्तम नतिजा निकाल्न सक्ने अवसर अहिलेको नयाँ सरकारले पाएको देखिन्छ।

काफ्ले, फिनल्यान्डको तुर्कु युनिभर्सिटीमा विद्यावारिधि अनुसन्धानकर्ता हुन्। **साभार अन्नपूर्णपोष्ट्**

# नयाँ पुस्ताल......

छन्। तसर्थ, दलहरूमा आन्तरिक लोकतन्त्र, सुशासन, मूल्यांकनको पाटोलाई कडाइका साथ पालना गर्न निर्वाचन आयोगले थप सशक्त कानुन ल्याउनुपर्छ। दलहरूलाई पारदर्शी बनाउने र दलको मूल्यांकन गर्ने नीति अभ्यास गर्नुपर्छ।

दलहरूमा निश्चित अवधिमा महाधिवेशन हुनुपर्छ। कुनै पनि दलका पदाधिकारीमा लगातार दुई कार्यकालभन्दा बढी बस्न नपाउने नीति लागू गर्नुपर्छ। अर्को महत्त्वपूर्ण कुरा दलको टिकट हो। दलको टिकट नेताका मान्छे हेरेर होइन, योग्यता अनि क्षमता अनुरूप बाँड्नुपर्छ। यसका लागि दलहरूले प्राइमरी निर्वाचनको अभ्यास गर्नुपर्छ। दलहरूले नेता-कार्यकर्ताहरूलाई आफ्नै खुट्टामा उभिन प्रेरित गर्नुपर्छ। राजनीतिलाई पेसा बनाउन दिनु हुँदैन। राजनीतिक दल नसुध्रिई अब नेपालको राजनीति सुध्रिनेवाला छैन। अबको राजनीतिक एजेन्डा सुसंस्कृत राजनीति गर्ने दलको गठन हो।

२. प्रत्यक्ष निर्वाचित कार्यकारी : हामीले लोकतन्त्रलाई राम्रोसँग अभ्यास गर्नै पाएका छैनौं। वा, गर्नै जानिरहेका छैनौं। वा, गर्न सकिरहेका छैनौं। हामीले खुला समाज, आत्मसम्मान, स्वाभिमान, व्यक्तिगत स्वतन्त्रता, वाक् स्वतन्त्रता, सहभागितासहितको लोकतन्त्र खोजेका हौं। पाँच वर्षमा एक दिन आफ्नो पार्टीलाई भोट हाल्नु लोकतन्त्र होइन। लोकतन्त्र बलियो हुन लोकतान्त्रिक र संवैधानिक संस्थाहरू बलियो हुनुपर्छ। विगत ३० वर्षमा हामीले ठूलो गल्ती गरेका छौं। हामीले देशका संस्थाहरूलाई कमजोर बनाएर व्यक्तिलाई बलियो बनाउने प्रयत्न गरिरहेका छौं। यो हाम्रो सबैभन्दा ठूलो भूल रह्यो।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसद्बाट निर्वाचित गैरदलीय सेरेमोनियल राष्ट्रपति हाम्रा लागि उपयुक्त व्यवस्था हो, ताकि तिनले निर्धक्क काम गर्न सकून्। प्रधानमन्त्रीले गैरसांसदलाई पनि मन्त्री बनाउन पाउने व्यवस्था गर्नुपर्छ, ताकि सांसदले मन्त्री बन्न होइन नीति बनाउन दौडधुप गरून्। यो नीति लागू गर्न सके सांसद बन्न व्यक्तिविशेषले लाखौं-करोडौं खर्च गरेर चुनावमा उठ्न मरिहत्ते गर्नुपर्ने थिएन। विज्ञहरूले संसद् र सरकारमा स्थान पाउने थिए। सरकारले डेलिभरी गर्न सक्थ्यो। साथै, देशैभरका नागरिकबाट चुनिएर आउने कार्यकारी प्रमुखको दायित्व पनि देशैभर हुने थियो।

३. निर्वाचन प्रणाली : लोकतन्त्रलाई सही ट्र्याकमा ल्याउन अब हामीले गर्नुपर्ने अर्को महत्त्वपूर्ण काम हो– निर्वाचन प्रणालीमा व्यापक सुधार। आज इमानदार मानिसले चुनाव लड्न सक्ने अवस्था छैन। लोकतन्त्र 'इँटा, बिटा र ठिटा' को सिकार बनेको छ। निर्वाचन भनेको योग्यता र क्षमता हुनेले होइन, शक्ति र पैसा हुनेले लड्ने कर्मकाण्ड बनेको छ।

अहिले अवलम्बन गरिएको निर्वाचन प्रणालीले अधिकांश योग्य मतदातालाई नै समेट्न सकिरहेको छैन। विदेशमा रहेका र देशमै रहेका लाखौं युवाको सहभागिताबिना हामी निर्वाचन गर्दै छौं। विदेशमा रहेका ७० लाख नागरिक मतदानबाट वञ्चित छन्। विदेशमा रहेका नेपालीहरूलाई मताधिकार दिन ढिलो गर्नु हुन्न। सर्वोच्च अदालतबाट समेत मताधिकारको निर्देशनात्मक आदेश आइसकेको अवस्थामा उनीहरूलाई भोट हाल्नबाट वञ्चित गर्नु लोकतन्त्रलाई आफ्नो स्वार्थका निम्ति कब्जा गर्नु हो।

लोकतन्त्रलाई थप गतिशील बनाउन निर्वाचन प्रणालीमा अब 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' लाई व्यवहारमा उतारिहाल्न जरुरी छ। खराब उम्मेदवारहरूमध्ये एकलाई छान्नैपर्ने बाध्यताले धेरै मानिसले निर्वाचनमार्फत आफूलाई पूर्ण रूपमा अभिव्यक्त गर्न सकिरहेका हुँदैनन्। सर्वोच्च अदालतले २०७० पुस २१ मा निर्वाचन सम्बन्धी कानुनमा 'राइट टु रिजेक्ट' को व्यवस्था अनिवार्य रूपमा गर्न सरकारलाई आदेश दिएको थियो। यदि सबै उम्मेदवारभन्दा 'नो भोट' भन्ने मत बढी आए उक्त स्थानमा ती उम्मेदवारले फेरि हुने निर्वाचन लड्न नपाउने गरी पुनः निर्वाचन हुनुपर्छ। यसले नागरिकलाई आफ्नो मत अझ स्पष्ट किसिमले राख्न मद्दत पुर्‍याउँछ भने दलहरूलाई राम्रो उम्मेदवार उठाउन दबाब दिन्छ। नागरिकहरूले 'खाए खा, नखाए घिच' वाला निर्वाचनबाट छुटकारा पाउनैपर्छ।

निर्वाचन प्रणालीमा ल्याउनुपर्ने अर्को महत्त्वपूर्ण परिवर्तन 'राइट टु रिकल' हो। अहिले एकचोटि उम्मेदवारले जितेपछि उसको मूल्यांकन पाँच वर्षपछि मात्र हुन्छ। कुनै जनप्रतिनिधिले काम गर्न सकेन, भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुब्यो वा जनभावनाविरोधी कार्य गर्‍यो भने पनि नागरिक टुलुटुलु हेरेर बस्न बाध्य छन्। प्रतिनिधिहरूको मनोमानी र स्वेच्छाचारिता बढ्दो छ। त्यसैले, गैरजिम्मेवार र जवाफदेही देखाउन नसक्ने प्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार मतदाताले राख्न पाउनुपर्छ। रुस, क्यानडा, भेनेजुयला, लाट्भिया, पेरु, अर्जेन्टिना, संयुक्त राज्य अमेरिका, जर्मनी आदिका राज्यस्तरका सिनेटमा यस्तो अभ्यास भएको पाइन्छ। नेपालमै पनि पञ्चायतकालमा पञ्चायत सदस्य प्रत्याह्वान अध्यादेश-२०३२ जारी गरिएको थियो भने २०३३ मा ऐन नै ल्याइएको थियो।दलहरूले प्राइमरी निर्वाचन गर्ने, निर्वाचनमा लाखौं-करोडौं खर्च हुन नदिने, निर्वाचनको खर्च पारदर्शी बनाउने, मतदाता परिचयपत्र बनाउन युवाहरूलाई सहज गरिदिने, निर्वाचन आयुक्तहरू योग्य रोज्ने लगायतका प्रावधान लागू गर्नुपर्छ। अवस्था बदल्न ७ 'स'सबैका निम्ति आत्मसम्मान। सबैका निम्ति समृद्धि। प्रत्येक नागरिकको खल्तीमा पैसा, अनि शिर ठाडो पारेर हिँड्न सक्ने वातावरण। अबको राजनीतिक मुद्दा यही हो। यत्ति हो। कुनै पनि नागरिकले आफ्नो घरबाट आधा घण्टाको दूरीमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी पाउनुपर्‍यो। त्यसका निम्ति सरकारले यी सात मुद्दालाई केन्द्रमा राख्न जरुरी छ।

पहिलो, (स्व)रोजगारी। लाखौं नागरिकका निम्ति रोजगारी कसरी सृजना गर्ने, आजको राजनीतिको मूल प्रश्न यही हो। तर, हाम्रा नेतृत्वहरू भने आफ्ना कार्यकर्तालाई रोजगारीका नाममा झारपात उखेल्न लगाएर झारा टार्दै छन्। हाललाई रोजगारी तीन प्रकारले सृजना गर्न सकिन्छ। (क) अहिले हाम्रोमा कामको सम्मान छैन। ठूलो काम, सानो काम भन्ने मनोविज्ञान हावी छ। यो भाव हटाउन पहल गर्ने हो र 'रोजगारी व्यवस्थापन' गर्ने हो भने पनि केही लाख रोजगारी नै सहजै सृजना गर्न सकिन्छ। प्लम्बर, इलेक्ट्रिसियन, सुन-चाँदीका गहना बनाउने कालिगडहरू; एक्स्काभेटर, ट्रान्जिट मिक्स्चर, ब्रुमरजस्ता हेभी इक्युपमेन्ट चलाउने प्रशिक्षित चालक तथा मेकानिकहरूको नेपालमा अभाव छ; उनीहरू भारत र बंगलादेशबाट आइरहेका छन् र महिनाको लाखभन्दा बढी कमाइरहेका छन्। हामी यी र यस्ता रोजगारी व्यवस्थापन गर्न सक्छौं। (ख) हामीले कृषि, पर्यटन, पूर्वाधार, जलविद्युत्जस्ता उत्पादनका क्षेत्रलाई योजनाबद्ध रूपमा अगाडि बढाउँदा लाखौं रोजगारी सृजना हुन सक्छन्। (ग) सरकारले नागरिकलाई उद्यमशीलताका निम्ति सहज वातावरण बनाउन सके बजार आफैंले रोजगारी सृजना गर्छ। 'इज अफ डुइङ बिजिनेस' मा हामीले सुधार गर्न जरुरी छ। आज एउटा कम्पनी खोल्दा, सञ्चालन गरिरहँदा र कर तिर्दासमेत नागरिकले सरकार भएको अनुभूति गर्न पाएका छैनन्, त्यसैले लगानी गर्न डराउने गरेका छन्।

दोस्रो र तेस्रो मुद्दा निःशुल्क र गुणस्तरीय शिक्षा र स्वास्थ्य हो। प्रत्येक नागरिकको शिक्षा र स्वास्थ्यमा समान पहुँच हुनुपर्छ। समाजवाद-उन्मुख देशमा कोही गरिब भएकै कारण मर्नु हुँदैन। शिक्षाबाट वञ्चित हुनु हुँदैन। केही वर्ष अन्य क्षेत्रको बजेट कटौती गरेर भए पनि शिक्षामा लगानी गरिन जरुरी छ। नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन राज्यले अनिवार्य स्वास्थ्य बिमा गराउन सक्छ। निश्चित आयभन्दा तल कमाउनेका लागि राज्यले नै बिमा गर्न र माथिका लागि करमा केही वृद्धि गर्न सके कसैले पनि हत्तपत्त उपचार खर्च नपाएर मर्नुपर्दैन थियो। चौथो, नागरिक सुरक्षा। महिला हिंसा, यौन हिंसामा राज्यले शून्य सहनशीलता अपनाउनुपर्छ। सडक दुर्घटनामा हजारौं मानिसले ज्यान गुमाइरहेका छन्। हाम्रा सडकहरू, सहरका गल्ली, गाउँका गोरेटाहरू सुरक्षित बनाउनुपर्छ। नागरिकको उच्च मनोबल, चुस्त सुरक्षा निकाय र विधिको शासनको पालना नै सुरक्षित नेपालको आधार हो।

पाँचौं, सुशासन। देश भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ। नीतिगत भ्रष्टाचारको जालो झन् ठूलो छ। सानोभन्दा सानो कामका लागि पनि धेरै समय खर्च हुन्छ। त्यसैले हाम्रो ध्यान सुशासनमा जान जरुरी छ। 'सेवक सरकार' को अवधारणालाई लागू गरेर 'डिजिटल सरकार' अभियानमार्फत 'पेपरलेस ब्युरोक्रेसी' लाई अगाडि बढाउनुपर्छ। नागरिकलाई सूचनाको हकको अधिकारबारे जानकारी दिएर जिम्मेवार बनाउन सके सुशासन कायम गर्न सकिन्थ्यो।छैटौं, हाम्रो सम्पदा र संस्कृतिको संरक्षण। हाम्रा कला, साहित्य, पर्व, संस्कृति, भाषालाई फैलाउन जरुरी छ। प्राकृतिक र सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्छ, प्रचार गर्नुपर्छ। सम्पदा र संस्कृतिप्रति गर्व गर्न नयाँ पुस्तालाई सिकाउनुपर्छ।सातौं मुद्दा हो– सामाजिक न्याय। सबैभन्दा महत्त्वपूर्ण एजेन्डा यही हो। हाम्रो देशमा कुनै व्यक्तिले कुनै भूगोलमा जन्मेकै कारण अवसरहरूमा पछाडि पर्न नपरोस्। दलितका निम्ति गाउँमा कुवा अर्कै नहोस्। समतामूलक र समानुभूतिमूलक समाज अबको हाम्रो एजेन्डा हो।

भोलिको मुद्दा

विश्व स्वास्थ्य संगठनले सन् २०३० सम्ममा 'डिप्रेसन' संसारको सबैभन्दा ठूलो रोग बन्ने बताइरहेको छ। धेरै देशले त्यसैले आर्थिक समृद्धिभन्दा नागरिकको 'खुसी' लाई प्राथमिकता दिन थालेका छन्। दुबईले त 'ह्याप्पिनेस र वेलबिइङ' मन्त्रालय नै खडा गरेको छ। अन्य देशमा पनि 'खुसी' मन्त्रालय छन्। दिल्ली र भुटानले समेत यो कुरालाई अंगीकार गरेका छन्। न्युजिल्यान्डले सन् २०१९ मा बजेट बनाउँदा 'वेलबिइङ' लाई नीतिको केन्द्रमा राखेको थियो। अब संसार यता जाँदै छ र यो हाम्रो नेतृत्वले बुझ्न जरुरी छ। कुपोषण हाम्रो देशको ठूलो समस्या हो। भोककै कारण मानिसहरूले ज्यान गुमाइरहेका छन्। एकातिर भोकलाई समस्या देखिरहँदा अर्को वर्गको समस्या भने मोटोपन हो। मोटोपनकै कारण धेरैलाई सुगर, प्रेसरजस्ता रोग लागिरहेको छ। मोटोपन भोलिको राष्ट्रिय मुद्दा हो। मोटोपन भोलिको राजनीतिक मुद्दा पनि हो। कतिपय देशमा चुनावी घोषणापत्रमा 'एक केजी तौल घटाउने नागरिकलाई यति डलर दिने' भनेरै लेखिएको हुन्छ।

निकट भविष्यमा प्रतिकूल वातावरणीय प्रभावका कारण वातावरण संरक्षण सम्बन्धी मुद्दा अझै जोडतोडले उठ्नेवाला छ। जनावरको अधिकारको मुद्दा अझै तात्नेवाला छ। प्रविधिले ल्याएको विकृतिका बारेमा अझै खरा प्रश्नहरू उठ्नेवाला छन्। प्रविधिले नागरिकको गोपनीयतालाई हनन गरेको विषय उठ्नेवाला छ। डाटा सेक्युरिटीमा हाम्रो देशले के गर्छ, त्यो भोलिको राष्ट्रिय मुद्दा बन्नेवाला छ। र, अबका दिनमा मानवताको मुद्दा सबैभन्दा जोडतोडले उठ्नेवाला छ। रोबोटले हाम्रा जागिर खाइदिनेवाला छ। प्रतिनिधिमूलक लोकतन्त्रबाट संसार सहभागितामूलक र संलग्नतामूलक लोकतन्त्रमा प्रवेश गर्दै छ। सामाजिक सञ्जालको अल्गोरिदमले पार्ने प्रभाव, च्याटजीपीटीजस्ता एआईले ल्याउने उलटपुलट पनि हाम्रो अबको राजनीतिक मुद्दा हो। आजका आवश्यकताबारे सचेत भइरहँदा हामीले भोलिको मुद्दालाई पनि बिर्सिन हुँदैन।अन्त्यमा, रुसमा केही महिनाअघि गुगलमा सबैभन्दा धेरै खोजिएको कुरा थियो, 'आफ्नो हात कसरी भाँच्ने ?' जब पुटिनले आम नागरिकलाई सेनामा भर्ती हुन भने, तब नागरिकले आफू बिरामी छु वा अपांग छु भनेर सेनामा भर्ती नहुन यसो गरिरहेका थिए। शासक गलत पर्‍यो भने नागरिकले कति दुःख पाउँछन् भन्ने यो एउटा नमुना हो। अबको राजनीति डेलिभरीको राजनीति हो। नागरिकको जीवन सहज बनाउने राजनीति हो। जातका नाममा, धर्मका नाममा, भूगोल वा क्षेत्रीयताका नाममा वा लोकप्रियतावादमा रमाएर सजिलो भोटको राजनीति गर्नेहरूले नागरिककेन्द्रित राजनीति गर्न सक्दैनन्। देशले नयाँ नेपाल बनाउन तयार, नयाँ भविष्य कोर्न तयार, नयाँ खुसी अनि नयाँ समृद्धिका लागि खाकासहित तयार नयाँ नेतृत्वसहितको दल खोजेको छ। विक्रम संवत् २१०० मा मुलुक कस्तो बनाउने भन्ने नै अबको राजनीतिको मुद्दा हुनुपर्छ।सभार इकान्तिपुर

# पानीटंकी....

।यस्तै नेहा फार्मेसी, जय बजरंग प्याथोलोजी, ओम प्याथोलोजी सेन्टर पनि मापदण्ड बिपरित संचालनमा रहेको भेटिएको महानगरका स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिनुभयो। यस्तै सोही ठाउँमा रहेको जीवन दीप एक्स रे पनि विना दर्ता नै संचालनमा रहेको फोला परेको छ। अनुमति नलिई संचालन गरिएको प्याथालोजी तथा एक्स रे सेन्टरलाई स्वीकृति नलिएसम्म बन्द गर्न पनि समितिले निर्देशन दिएको छ। अनुगमनका क्रममा आज पहिलो पटक चेतावनी दिएर फर्किएको र भोली फेरि अनुगमनमा जाँदा प्रकृया नपुर्याइ खुलेको भेटिए सील गरेर कारबाही प्रकृया अघि बढाउने समितिका संयोजक तिवारीले बताउनुभयो। महानगरपालिकाले नागरिकको स्वास्थ्यमा प्याथलोजी सेन्टरहरुले खेलवाड गरिरहेको र विना दर्ता नै संचालनमा रहेको भन्ने सूचना आएपछि अनुगमनलाई अघि बढाएको हो। समितिका संयोजक तिवारी नेतृत्वको अनुगमन टोलीमा स्वास्थ्य शाखा प्रमुख रितेश जयसवाल, कानुन अधिकृत ईश्वर बराल, नर्सिङ् अधिकृत इन्दिरा लोहनी लगायत रहनुभएको थियो।

## पितृसत्ताले.....

किशोरी अवस्थामै आफ्नै गुरुको भूमिकामा रहेको मानव तस्कर र भविष्यको जीवनसाथी बन्ने भनेर दृश्यमा आएको युवाका बारेमा उनले आफूले आश्रय लिएको गैससमार्फत उजुरी गर्दा न प्रशासनले उजुरी सुन्यो न त उनका बाबुको भूमिकामा रहेका 'घरमुली' ले साथ दिए । र त उनले जीविकोपार्जनका उपायहरू मौसम अनुसार फेर्नुपर्छ किनकि व्यक्तिका अनुभूतिहरू, प्रसिद्ध महिलावादी लेखिका इस्टिफी ज्याक्सनले आफ्नो अनुसन्धानमा भनेझैं, ऊ बाँचेको समाजले निर्देश गर्छ न कि उसको राज्यले लिपिबद्ध गरेका समानताका विभेदी हरफहरूले । यो तर्क राज्यविहीन महिलाको सन्दर्भमा अझ बढी लागू हुन्छजस्तो लाग्छ ।

वर्षौं भइसक्दा आज पनि सीमा औपचारिक रूपमा नेपाली नागरिक हुन सकेकी छैनन् तर उनलाई नंग्याएको नेपालको यौन बजारले एउटी अनागरिक आमा बनाइसक्यो र हालसम्म सहयोग गरेका मनकारीहरूबाट टाढा पुर्‍यायो । किनकि पहिलेको कठिन अवस्थामा उनलाई साथ दिने दिदीभिनाजु पनि अहिले नजिक छैनन्, न त उनलाई सुरुआती समयमा आश्रय दिने गैससहरू नै । उनले सहयोग माग्न जाँदा, गैससका पदाधिकारीहरू सीमाजस्ता एकल आमाहरूलाई सहयोग गर्न दाताको अनुदान छैन भन्छन् अनि दिदीभिनाजुलाई अब इज्जतको डर लाग्न थालेको छ । किनकि सीमा अब किशोरी बहिनी, अनागरिक महिलाबाट बाबुको ठेगान नलागेको बच्चाको अनागरिक आमा बनिसकेकी छन् ! यही होइन त हामीले भन्ने गरेको सामाजिक न्यायको मर्म ? सामाजिक अपहेलना, प्रशासनिक अर्घेल्याइँ, पारिवारिक हेला, गैससको पनि असमर्थता र राज्यको बहिष्करणका बीच आफूजस्तै अन्य एक-दुई युवतीसँगै बाँच्ने उपायको खोजीमा काठमाडौं उक्लेकी सीमा सिंहदरबारको नाकैमुनि ठेलामा कहिले तरकारी त कहिले चटपटे बेची बिहान-बेलुका आमा-छोराका लागि जाउलो जुटाउँदै थिइन् । तर नेपाली समाजको वर्गीय चारित्रिक विभेद नबुझेका सम्भ्रान्त जमातको प्रतिनिधित्व गर्ने काठमाडौं महानगरका सनकी प्रमुखले सीमाको ठेलागाडा पनि हुत्त्याइदिए ।

यो लामो शृंखला पार गर्दैगर्दा अब सीमा नेपाली समाजले भन्ने गरेको र चाहेको सौन्दर्य, घरको इज्जत, समाजको शोभा, उनको बच्चाको पत्तो नलागेको बाबुको घरकी गृहलक्ष्मी र आफ्नो प्रदेशका नगरहरूबाट लखेटिएर रोजीरोटीका लागि सम्भावना देखेको बालेनहरूको सहरकी श्रमिक पनि होइनन् । आखिर सीमा अब को हुन् त ? नेपाली राज्य संरचनालाई सोध्नुपर्ने सम्भवत: यो नै आजको प्रमुख प्रश्न होला, यदि महिलाको सार्वभौम पहिचानलाई पितृसत्ताको विषाक्त जन्जिरबाट फुकाउने हो भने । मुलुकको प्रत्येक प्रदेश र गाउँमा, सबै सांस्कृतिक समुदायमा, सबै राजनीतिक विश्वासमा हजारौं होइन, लाखौं सीमा छन् । ती सबै आफ्नै समुदाय, संस्कृति र राजनीतिक आस्थाहरूबाट पनि अपरिचित छन् ।

तिनको पहिचानको मुद्दा कहींकतै पनि कहिल्यै चुनावी र सामाजिक न्यायको मुद्दा हुँदैन, किनकि ती अपरिचितहरू नागरिक होइनन्, केवल यौन बजारमा मनलाग्दी लिलाम गर्न सकिने वस्तु हुन् जुन लिलामीमा सहरिया धनाढ्य, पुरुष-नियन्त्रित समाजले गण्यमान्य भनिएका मात्र होइन, सुरक्षा र अन्य प्रशासनिक मुखियाहरू, राजनीति गर्ने नेतासमेत सामेल हुन्छन् र तिनै अनागरिकहरूको यौन र गैरयौन श्रमको दोहन गर्छन् । यही होइन हाम्रो राज्यले भन्ने गरेको सामाजिक न्यायको चरित्र ?सभार इकान्तिपुर

## सिर्सिया...

प्रहरी उपरीक्षक होविन्द्र बोगटीले वीरगञ्ज महानगरले सञ्चालन गरेको अनुगमन अभियानको सह्रााना गर्दै नदीलाई स्वच्छ र सफा बनाउन सबैले हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो । वीरगञ्ज उद्योग वाणिज्य संघका प्रमुख प्रशासकिय अधिकृत मनोज उपाध्यायले वीरगञ्ज उद्योग वाणिज्य संघ नदीलाई स्वच्छ बनाउने विषयमा गम्भिर भएको बताउनुभयो । उद्योगी व्यवसायीलाई नियम लगाएर बाध्यकारी बनाउने निकाय संघ नभएको बताउँदै उहाँले सबैसँग समन्वय गरिदिने लगायतका काममा कुनै कसर बाँकी नराखेको उपाध्यायले बताउनुभयो । सिर्सिया नदि मात्रै नभएर सभ्यता एवम् संस्कृतिसँग जोडिएको धरोहर भएको हुँदा यसलाई सफा बनाउन सबैले एकबद्ध भएर काम गर्नुपर्ने र गल्ती गर्नेलाई दण्ड गर्दा उद्योग वाणिज्य संघले बचाउ नगर्ने पनि उहाँले प्रतिबद्धता जनाउनुभयो बैठकमा पर्साका प्रहरी उपरीक्षक कोमल शाह, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, महानगरपालिकाका निमित्त प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री कुर्मी लगायतको सहभागिता रहेको थियो ।

## वीरगंजमा.....

नेपाल अर्थ र मिस नेपाल इन्टरनेशनल रहने उनले बताए । काठमाडौं, इटहरी, वीरगन्ज, पोखरा, नेपालगन्ज, सुर्खेत र धनगढी लगायत क्षेत्रिय अडिसनहरु मार्च १५ भित्र सम्पन्न गरिने उनले जानकारी दिए । प्रतियोगीलाई उत्कृष्ट प्रशिक्षकहरूले दुई महिना तालिम सञ्चालन गरिने अध्यक्ष राजकर्णिकरले बताए ।

## जनकपुर ...

नगरपालिका ३ का ३३ वर्षीय अनिल साह र महोत्तरीकै एकडारा गाउँपालिका -३ का ३५ वर्षीय विरेन्द्र साह छन् । उनीहरुलाई बुधबार सवा ३ बजेको समयमा जनकपुरको मुजेलिया स्थित रहेको यातायात कार्यालयमा आउने सेवाग्राहीहरुलाई काम छिटो छरिटो गराइदिन्छु भनि आर्थिक लाभ लिइ बिचौलियाको काम गरि रहेको गोप्य सूचनाको अधारमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । तोकेको भन्दा बढी कर शुल्क लिइरहेको अवस्थामा पक्राउ गरी नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## नारायणी ......

शाखा अधिकृत कुशवाहाको शाखाबाट नै सबैभन्दा बढी भ्रष्टाचार हुने गरेको छ । नारायणी यातायात व्यवस्था कार्यालय बिरगंजका प्राविधिक शाखाका कर्मचारी र उनका बिचौलिया रवीन्द्र यादव , सुरेन्द्र यादव , हरि प्रसाद , अशोक महतो , सन्तोष गुप्ता , विशाल चौरसिया , रज्जय यादव र शिव यादव नामसारी शाखा प्रमुख अधिकृत कुशवाहाको इशारा कार्यालयलाई भ्रष्टचारको आखडा बनाएको नाम नबताउने शर्तमा त्यही कार्यालयका एक कर्मचारीले बताएका छन । प्रमुख कुशवाहाको इसरामा दैनिक उनीबाट संचालित यी बिचौलियाहरुले आफै पैसा उठाऊँन लागेका हुन । उनिहरूलाई काम भन्दा बढी ध्यान पैसा उठाऊँनमा रहेको एक यातायात आउने सेवाग्राहीहरुले बताएका छन । नारायणी यातायात व्यवस्था कार्यालय पर्साबाट भ्रष्टाचार गरी करोडौंको सम्पति जोडन उनिहरु सफल भएको एक श्रोतले जनाएको छ । भ्रष्टचारको आखडा बनाएको नारायणी यातायात व्यवस्था कार्यालयमा नत अखतियार पुग्छ नत कुनै सम्बन्धी निकाय पुग्छ । एक कर्मचारीका अनुसार प्रमुख कुशवाहाको मन्त्रालय देखी अख्तियार सम्म बढी रकम बुझाउने गर्छन । मन्त्रालयको आडमा नारायणी यातायात व्यवस्था कार्यालय बिरगंज भ्रष्टचारको आखडा बनेको छ । निर्देशिका बमोजिम इनजिनियरले सवारी चेकजाँच गर्ने मात्रै हो तर सवारी चेकजाँच नगरी सेवाग्राहीसंग बीमाको नाउमा पैसा खाने काम मात्र गरिएको छ । ५०० रुपैया छ भने बिमा लाग्दैन यदि ५०० सय रुपैयाँ दिएन भने बिमा लाग्ने गरेको सेवाग्राहीहरुले बताउँछन । यति मात्र होईन सकल यकिनको नाउमा पैसा लिने , गाड़ी पुरानो भए नम्बर चिनिएन भने डाढी रकम लिने , डर त्रास देखाई यस्ता विभिन्न बहानामा सेवाग्राहीहरुसंग पैसा लिने गरेको जो कोहीले पनी सहजै देख्न सक्छ । यति मात्र होइन सवारी नामसारी , नवीकरण , प्रतिलिपि , दर्ता लगायतको काममा ति बिचौलियाहरुले दैनिक लाखौ लाख रकम उठाउन सफल भएका छन् । फोटोमा सीधै हेर्न सकिन्छ कि कार्यालय प्रमुख कुशवाहा पछाडि उभिएका छन् भने ती बिचौलियाहरु खुट्टा हालाई कुर्सीमा बसेका छन् । यस्ता थुप्रै घटनाहरु यस भन्दा पहिला पनी सार्वजनिक भईसकेको हुदा तापनी सम्बन्धी निकाय मौन बस्नु भने त्यो निकाय माथी पनी शंका उत्पन्न हुन थालेको छ । यामाहा , हीरो , होण्डा , सुजुकी , टिभीएस , जस्ता थुप्रै कम्पनीको गाडीहरु यातायात कार्यालय नल्याई पैसाको भरमा गाडी दर्ता भईरहेको छ । यस्ता कतिपय गाडीहरु यातायातमा नल्याई दर्ता गरिएको प्रमाण नै हामीसंग फेला परेको छ । त्यो कम्पनी गाडी दर्ता गर्नु वापत प्राविधिक शाखाले प्रति गाडी रु १०० को दरले लिने गरेको एक जना कर्मचारीले बताए । साथै प्रति दिन यस्ता कम्पनीका ८०० देखी ९०० सम्म गाडी दर्ता हुने गरेको छ ।सेवाग्राहीहरुले गाडी नामसारी गराउनु परेमा गाडी नै लिएर आऊनु परेको छ । तर त्यही कम्पनीको गाडी नामसारी गराउनु परेमा ल्याउनु पर्दैन पैसा भएको पुग्छ । यस्ता कतिपै नियम विपरित पैसाको बलमा प्राविधिक शाखामा काम हुने गरेको श्रोतले बताएको छ । यो शाखामा काम गर्ने कर्मचारीहरुको सम्पति विवरण छानबिन गरियो भने सिधै पता लगाउँन सकिन्छ की ती कर्मचारीहरु कतीका इमन्दार रहेका छन ति कर्मचारी र बिचौलियाहरुको ५ वर्ष पहिलाको सम्पती र अहिलेको सम्पति हेरियो भने भ्रष्टचारको प्रमाण छर्लङ्ग हुनेछ । आफ्नो सेवाग्राहीलाई सक्दो सहुलियत दिनुको साटो प्रमुखकै इशारामा बिचौलियासम्म पुग्नुले करोडौ रूपैयाको चलखेल हुने गरेको बारे प्रष्ट हुन्छ । प्रमुख कुशवाहाले आफ्नो पदको दुरुपयोग गर्दै बिचौलियाकै माध्यमले दैनिक लाखौ आर्जन गर्न सफल भएको यस घटनाले प्रष्ट पारेको छ । आफ्नो पदको दुरुपयोग गर्दै काम कारवाही गर्ने कुशवाहा माथी मन्त्रालयकै छत्रछाया हुने गरेको कारण यस्तो क्रियाकलाप बढेको बारे दुइमत छैन । कार्यलय प्रमुख कुशवाहाले गरेका कुकर्मका फाइलहरु नियमनकारी निकायले छानबिन गर्नुपर्ने उनले दिनदुगुना रात चौगुना भ्रष्टाचारका तानाबाना बुँदे दूनो सोझयाई राखेका उनी निकटका आसेपासेहरु बताउछन । यस बिषयमा उहाँको प्रतिक्रिया लीन खोज्दा उहाँको फोन उठेन र उनी संग सम्पर्क हुन्न सकेन् ।

# पर्साको एक विद्यालयका शिक्षकहरूद्वारा सामुहिक सरुवाको माग


श्री बाबा बैधनाथ आधारभूत विद्यालय, गढैया

वीरगन्ज,३फागुन : पर्साको एक सामुदायिक विद्यालयका शिक्षकहरुले सामुहिक सरुवाको माग गरेका छन् । जगरनाथपुर गाउँपालिका-३ गढैया स्थित बाबा बैद्यनाथ आधारभूत विद्यालयका शिक्षकहरुले सामुहिक सरुवाको माग गरेका हुन् । गाउँका केहि युवाले मंगलबार बिहान विद्यालयमा आएर अभद्र व्यवहार गरेको भन्दै विद्यालयमा कार्यरत शिक्षकले सामुहिक सरुवाको माग राखेका हुन् ।

विद्यालयमा प्रधानाध्यापक सहित ५ जना शिक्षक र एक जना कार्यालय सहयोगी कार्यरत छन् । विद्यालयका प्रधानाध्यापक बादशाह साहका अनुसार फागुन २ गते मंगलबार बिहान १० बजे प्राथना गर्ने समयमा आएर गाउँका ७ जना युवाले अभद्र व्यवहार गरेका थिए ।

बली यादव, सुनिल यादव, दिपेश यादव, वशिष्ठ यादव, भूपेन्द्र यादव, नन्की यादव, सुनिल यादवले अभद्र व्यवहार प्रदर्शन गरेको दावी प्रअ साहको छ ।

उनीहरुले कक्षा कोठामा गई छात्र छात्राहरुलाई हातपात, गाली गलौज गरी पाठ्यपुस्तक बाहिर फालेको, शिक्षकले नपढाएको भन्ने आरोप लगाउन दवाव दिँदै, छात्राहरुलाई समेत हात हालेको, मोबाइलमा भिडियो लिई फलामको रड हल्लाउँदै तर्साउँदै शिक्षक कर्मचारीहरुलाई विद्यालयमै विद्यार्थीको सामु गाली गलौज गर्दै दुर्व्यवहार गरेको प्रधाध्यापक साहले जानकारी दिए ।

पटक पटक यस्ता क्रियाकलाप भइरहेको भन्दै प्रधानाध्यापक साहले गाउँपालिका र वडा अध्यक्षलाई सुरक्षा व्यवस्था मिलाउन र सामुहिक सरुवाको माग राखेर पत्राचार समेत गरेका छन् ।

'विद्यालयमा सार्वजनिक विदाको दिनमा बाहेक एक दिन पनि गयल हुँदैनौं, तैपनि गाली गलौज र दुर्व्यवहार हुन्छ भने हामी किन विद्यालयमा बस्ने ? भनेर सामुहिक सरुवाको माग राखेका हौं', प्रधानाध्यापक साहले भने, 'हामीले विद्यालयमा राम्रो गरेन भन्नेहरुलाई राम्रो शिक्षक ल्याउने बाटो पनि खुल्छ ।'

जगरनाथपुर गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष सुवास यादवले विद्यालयमा देखिएको समस्या समाधानका लागि बिहीबार छलफल राखिएको जानकारी दिए । प्रहरी र पालिकालाई समस्याबारे जानकारी भईसकेको समेत उनले बताए । साभार: अनलाइनखबर

# केमेस्ट्री शिक्षकको माग गर्दै दिव्य कन्याका विद्यार्थीहरूद्वारा तालाबन्दी

वीरगञ्ज, ३ फागुन । पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर ५ मा रहेको दिव्य कन्या प्राविधिक विद्यालय बिरन्चीबर्वमा विद्यार्थीहरु तालाबन्दी गरेका छन् । शिक्षक अभाव परिपूर्तिको माग गर्दै विद्यार्थीहरुले गरेको तालबन्दीका कारण मंगलबार विद्यालयको पठनपाठन प्रभावित भएको थियो ।



विद्यालय समय सकिएपछि विद्यालयको मुल गटेमा लगाएको ताला विद्यार्थीहरु खोले पनि प्रधानाध्यापकको कक्ष र लेखा शाखामा लगाएको ताला भने यथावत राखेका छन् । समस्या समाधान नहुँनजेलसम्म तालबन्दी यथावत रहने विद्यार्थीहरुको भनाई छ ।

लामो समयदेखि केमेस्ट्री शिक्षक नहुँदा बाध्य भएर तालबन्दी गर्नु परेको कक्षा ११ का विद्यार्थी रहमत हुँसेनले बताए । बार्षिक परिक्षा नजिकिए पनि केमेस्ट्री विषयको पढाई नहुँदा आफूहरु मर्कामा परेको हुँसेनको भनाई छ ।

विषय शिक्षकको साथै विद्यालयको प्रयोगशालामा कुनै समाग्री नभएको र कम्प्युटरहरु पनि खराब भएको गुनासो उनले गरे । आफूहरुको समस्या समाधान गर्न विद्यालयका प्रधानाध्यापकले कुनै चासो नदेखाएको उनले आरोप समेत लगाए ।

परिक्षा मात्र दुई महिना बाकी रहेपनि अहिलेसम्म २५ प्रतिशत पनि केमेस्ट्री विषय पढाई नभएको कक्षा १२ की विद्यार्थी सुसानी गुप्ताले गुनासो गरिन् । आफूहरु कक्षा १२ मा आएदेखि केमेस्ट्री शिक्षक नरहेको बताउँदै उनले आफूहरु परिक्षामा फेल भए यसको जिम्मेवारी कसले लिने प्रश्नसमेत गरिन ।

यसका साथै ओजिटीको पैसा पनि हालसम्म आफूहरु नपाएको उनले गुनासो गरिन ।

केमेस्ट्री शिक्षकको लागि जेठ मै आफूले गाउँपालिकासँग माग गरे पनि हालसम्म शिक्षकको समस्या समाधान हुन नसकेको विद्यालयका प्रधानाध्यापक रामयतन प्रसादले बताए । जिल्ला मै केमेस्ट्री शिक्षक अभाव भएका कारण तत्काल व्यवस्थापन गर्न समस्या भएको उनको भनाइ छ ।

# मल वितरण प्रकृया सहज बनाउन सरकारसंग प्रदेशसभा सदस्य श्याम पटेलको माग



वीरगन्ज,३फागुन : पर्साका प्रदेशसभा सदस्य श्याम पटेलले किसानलाई सरकारी अनुदानको मल वितरण प्रकृया सहज बनाउन प्रदेश सरकारसंग माग गरेका छन् ।बुधबार प्रदेशसभा बैठकमा बोल्दै प्रदेशसभा सदस्य पटेलले अहिले पालिकाका जनप्रतिनिधीहरुले आफना कार्यकर्ता र नजिकका मान्छेलाई मात्रै मलत वितरणका लागि सिफारिस गर्दै आएकाले सर्वसाधरण किसानहरु मर्कामा परेको बताए ।

मल वितरणका लागि प्रदेश सरकारले बनाएको कार्यविधी अनुसार मल वितरण नभइरहेकाले उक्त कार्यविधी नै संशोधन गर्न पटेलले प्रदेशका कृषिमन्त्रीसंग अनुरोध पनि गरे ।पटेलले अहिले ल्याप्छे छाप पालिका प्रमुखहरुले आफनो मनोमानी ढंगले शिक्षकहरुको सरुवा गरिरहेकाले यस तर्फ पनि ध्यान दिन सरकारसंग आग्रह गरे ।

उनले मधेस प्रदेशलाई आत्म निर्भर बनाउन कृषि र पर्यटन क्षेत्रको विकास गर्नु पर्नेमा जोड दिए । पटेलले भने ,' मधेसमा पर्यटकीय स्थलहरु प्रशस्त छन् , तीनीहरुको विकास गरि प्रचार प्रसार गर्नुपर्छ अनि मात्र प्रदेश आत्मनिर्भर बन्छ ।

पर्सा जिल्लामै पनि ऐतिहासिक पर्सागढी , पारसनाथ , रामभौरीभाठा , कोइलाभार , आमोदोइ लगायतका धार्मिक पर्यटनको सम्भावना बोकेका मन्दिरहरु रहेको भन्दै ती स्थानलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सके मधेस प्रदेशमा बाहिरबाट थुप्रै पर्यटकहरु आउने पटेलले बताए ।